# आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
# Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.

क. द. नं. १३३७८५/०७१/०७२
ने. रा. बै. इ. पा. नं. घ ४५/०७२/७३
पान नं. ६०२४८८६२८

"नेपाल राष्ट्र बैंकबाट घ" वर्गको इजाजतपत्रप्राप्त (राष्ट्रिय स्तरको) वित्तीय संस्था
केन्द्रिय कार्यालय बनेपा १० काभ्रेपलान्चोक, फोन नं. ०११-६६४५७९

## Unaudited Financial Result (Quarterly)
## At the end of Fourth Quarter (31/03/2078) of the Fiscal Year 2077/078

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4,615,436.15** | **4,138,131.54** | **2,684,530.72** |
| 1.1 | Paid-up Capital | 286,763.15 | 286,763.15 | 263,448.00 |
| 1.2 | Reserves and Surplus | 163,628.71 | 124,205.73 | 70,364.86 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 2,778,512.14 | 2,431,561.14 | 1,424,473.96 |
| 1.5 | Deposits (a+b) | 1,271,735.07 | 1,178,691.15 | 885,724.53 |
| | a. Domestic Currency | 1,271,735.07 | 1,178,691.15 | 885,724.53 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 50,542.99 | 33,572.64 | 11,846.53 |
| 1.7 | Other Liabilities | 64,254.10 | 83,337.73 | 28,672.83 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4,615,436.15** | **4,138,131.54** | **2,684,530.72** |
| 2.1 | Cash & Bank Balance | 223,726.43 | 169,492.84 | 100,957.68 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | 21,000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **4,322,007.78** | **3,906,646.91** | **2,515,942.15** |
| 2.5 | Fixed Assets | 20,846.24 | 21,469.20 | 16,614.29 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 47,855.70 | 39,522.59 | 30,016.60 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 506,564.77 | 355,843.42 | 293,851.10 |
| 3.2 | Interest Expense | 199,312.44 | 152,773.54 | 148,219.80 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **307,252.33** | **203,069.88** | **145,631.30** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 95,441.92 | 71,507.77 | 43,896.31 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **402,694.25** | **274,577.65** | **189,527.61** |
| 3.6 | Staff Expenses | 161,458.23 | 119,704.34 | 76,536.71 |
| 3.7 | Other Operating Expenses | 53,279.36 | 34,294.82 | 37,034.47 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **187,956.67** | **120,578.49** | **75,956.42** |
| 3.8 | Provision for Possible Loss | 29,080.21 | 33,331.63 | 41,457.18 |
| **D** | **Operating profit (C-3.8)** | **158,876.46** | **87,246.86** | **34,499.24** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 28,319.80 | 37,096.26 | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **187,196.26** | **124,343.12** | **34,499.24** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **187,196.26** | **124,343.12** | **34,499.24** |
| 3.12 | Provision For Staff Bonus | 18,719.63 | 12,434.31 | 3,449.92 |
| 3.13 | Provision For Tax | 50,542.99 | 33,572.64 | 7,008.98 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **117,933.64** | **78,336.17** | **24,040.34** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.88% | 9.63% | 12.56% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.24% | 3.65% | 1.44% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 46.87% | 44.20% | 182.50% |
| 4.4 | Cost of Funds | 6.27% | 6.56% | 9.87% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 254.99% | 249.78% | 211.86% |

**Note:** The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

**Interest rate on Deposit and Loan & Advances**

| Deposit 4 % to 10 % | Loan 13.5% to 15 % |
|---|---|

**नोट:** असार ३१,२०७७ मा साविक आरम्भ लघुवित्त वित्तीय संस्था लि. को लेखामा रहेको सम्पति दायित्वका साथै साधारण/वैधानिक जगेडा कोष तथा अन्य जगेडा गरी जम्मा संचित मुनाफा रु ७१८०१८० Corresponding Previous Year Quarter Ending आरम्भ चौतारी लघुवित्त वित्तीय संस्थामा सारी आएको छ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को**
**अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

# आर्थिक वर्ष २०७७/०७८ को चौथो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :

क) त्रैमासिक अवधिको वासलात, नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४१.१३ | ३८.२७ | १५७.०६ | १६०९.४९ | ५.५२ |

२. **व्यवस्थापकिय विश्लेषण** :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धि विवरण : कोभिड १९ प्रभावको बाबजुत पनि संस्थाको कार्यक्रम सन्तोषजनक हुनुको साथै व्यवसायिक योजना अनुरुप नै रहेको छ । गत आ.व को तुलनामा समिक्षा अवधिको खुद मुनाफामा ३९०.५७ प्रतिशतले वृद्धी भएको छ । समिक्षा अवधिमा कोभिड १९ दोस्रो लहरका कारण कर्मचारी तथा सदस्यहरुमा परेको असरले सहज रुपमा कारोबार नहुंदा निस्कृय कर्जा १.४४ प्रतिशतबाट ३.२४ प्रतिशत पुगेको अवस्था छ ।

ख) आगामी अवधिको व्यबसायिक योजना सम्बन्धमा व्यवस्थापनको विप्लेषणात्मक विवरण : वित्तीय संस्थाले आर्थिक वर्ष २०७७/०७८ मा मात्र ६० वटा नयां शाखा कार्यालयहरु थप गरि देशका ७ प्रदेश ५२ जिल्ला मार्फत जम्मा १३७ वटा शाखा कार्यालयहरुबाट वित्तीय सेवा प्रदान गर्दै आएको छ । आगामि अवधिमा पनि कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानीय तहलाई प्राथमिकतामा राखिएको छ । यस त्रैमासको अन्तसम्ममा यस वित्तीय संस्थाले कूल ८३,८९५ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ । कर्मचारीको क्षमतामा अभिबृद्धि गरी कार्यकुशलतामा अभिबृद्धि गर्न, उत्पादकत्व बृद्धि गर्न, तथा कार्यक्रमलाई थप प्रभावकारीरुपमा संचालन गर्न कर्मचारीलाई आवश्यक तालिम तथा अन्तरक्रियामा संलग्न गराई कर्जा तथा कार्यक्रमको गुणस्तर वृद्दी गर्न जोड दिईएको छ ।

ग) विगतको अनुभव बाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्नसक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : लघुवित्त संस्थाहरुको बाक्लो उपस्थितीले हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा तथा कर्जा लगानीमा निर्धारित ब्याजदरको सिमा जस्ता कुराहरुले असर गर्न सक्ने भएतापनि हाल सम्म यस्ता घटनाबाट पर्नसक्ने असरबाट संस्था सचेत भई संस्थालाई प्रगति उन्मुख बनाउन सचेत एवम् अग्रसर छ । हाल कोभिड-१९ को महामारी तथा संक्रमणको कारणले संस्थाको कारोवार सुचारुरुपमा संचालन गर्न कठिनाई भई रहेको परिप्रेक्षमा अपेक्षित लक्ष्य, नाफा तथा नगद प्रवाहमा असर पर्ने देखिन्छ । तथापी विगतको अनुभवलाई प्रयोग गरि जोखिम न्यून गर्न सकिने कुरामा व्यवस्थापन बिश्वस्त छ ।

३. **कानुनी कारवाहि सम्बन्धि विवरण** :

क) यस अवधिमा संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको बिरुद्धमा मुद्दा दायर भएको छैन ।

ख) यस संस्थाको सस्थापक वा सञ्चालकले वा सस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै सस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोवारले यस संस्थाको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधिमा संस्थाको शेयर कारोवार निम्न विवरण अनुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार रकम | कारोबार कित्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १८२० | १४७२ | १५७४ | ६५ | १०१७५ | ७४१७०३७६७ | ४५२११४ | |

५. **समस्या तथा चुनौती**

क) लघुवित्त वित्तीय संस्थाहरुको शाखा विस्तार हुने क्रम जारी रहेको हुँदा यी संस्थाहरुबीच उत्पन्न प्रतिस्पर्धा, बढ्दो कारोना भइरसको प्रकोप तथा सदस्यहरुको दोहोरोपनाको कारण चुनौतीहरु थपिदै गईरहेका छन् । यसका साथै नियमनकारी निकायबाट समय समयमा परिवर्तन भई जारी हुने नीति, नियम, आदिको कारण संस्थामा संचालन जोखिम बढ्न सक्ने र सोको न्यूनीकरणका लागि थप चुनौती रहेको छ ।

ख) लघुवित्त वित्तीय संस्थाहरुको संख्यात्मक वृद्धि, अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपना, सदस्यहरुमा कर्जाको अधिक भार आदि कारणले कार्यक्रमको गुणस्तर कायम राख्न थप चुनौतीको सामना गर्नु परेको छ ।

ग) वित्तीय संस्था मार्फत पिछडिएका समुदायलाई वित्तिय सेवा प्रदान गर्ने कार्ययोजना अनुरुप कार्यक्रम अघि बढाईएको छ ।

६. **संस्थागत सुशासन**

संस्थागत सुशासनका लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाको अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूती गराउन संस्था सदैव क्रियाशील छ । यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानूनहरुको परिपालना गरिएको छ । संस्थाको संचालक समिति, आन्तरिक लेखापरीक्षण समिति र व्यवस्थापन समूह संस्थामा संस्थागत सुशासन कायम राख्न प्रतिबद्ध छन् । संस्थासंग भएका लिखित नीति, नियम र निर्देशिकाहरुले संस्थाको संचालन र सुशासनको सुनिश्चिता गरेको विश्वास छ ।

७. **सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण** :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष् गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पुर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।